# बेसीशहर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय,बेसीशहर लमजुङ
## कृषि शाखा
## गण्डकी प्रदेश, नेपाल

आ.ब. २०७७/०७८ मिति :२०७७/०८/१९

रासायनिक मल विकेता सिफारिसको लागि सहकारी सस्था/फर्म वा कम्पनीहरुबाट निवेदन दिने सम्वन्धी सूचना।
(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०८/१९)

प्रस्तुत विषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ को दफा १० को उपदफा (१) बमोजिम गठित स्थानिय तह मल वितरण व्यवस्थापन समितीको मिति २०७७/०८/१६ गते बसेको बैठकको निर्णयानुसार दफा १५ को उपदफा (१) अनुसारको मल बिकेता नियुक्तीका लागि स्थानिय तहको सिफारिस आवश्यक पर्ने हुदाँ दफा ११ को उपदफा (१को ङ) बमोजिम मल वितरक कम्पनीमा मल विकेता नियुक्तिको लागि सिफारिस लिन दफा १५ को उपदफा (८) बमोजिम मलको कारोबार गर्न इच्छुक सहकारी सस्था /फर्म वा कम्पनीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०७७/०८/२५ गते भित्र) तपसिलका कागजातहरु सहित बेसीशहर नगरपालिका अर्न्तगतको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु

- सहकारी सस्था/फर्म वा कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
- संचालक समितीको निर्णयको प्रतिलिपि (सहकारीको हकमा अनिवार्य)।
- विगत दुई वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
- अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण।
- नापतौल गर्ने मेशिन, गोदामघर, सुचना प्रविधि लगाएतका भौतिक पूर्वाधारको विवरण (भौतिक पूर्वाधार सामाग्री तयार गर्न सकिने प्रतिबद्धता पत्र)।
- वडा कार्यलयको सिफारिस पत्र।
- यस भन्दा पहिला अनुदानको मल बिकी वितरण गरिरहेकाहरुको हकमा रासायनिक मल विकेता प्रमाण पत्रको प्रतिलिपि।

नोट : कृषि सहकारी संस्थाहरुलाई पहिलो प्राथामिकता दिइने छ।

०७७।८।१९

पुष्पराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीका लागि : बेसिशहर नगरपालिका कृषि बिकाश शाखा - ९८४६१४१३८३ , ९८४५८३८४८२ मा संपर्क राख्न सकिो छ।**